नेपाल सरकार

# गृह मन्त्रालय




**राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन**
**विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन**

# गृह मन्त्रालयसँग सम्बन्धित आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम

| नीति बुँदा नं | नीति |
|---|---|
| ९४ | आगामी चार वर्षभित्र सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक् पहिचान नम्बर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ। नागरिकका सबै प्रकारका वैयक्तिक विवरणलाई राष्ट्रिय परिचयपत्र समाविष्ट गरी यसलाई सामाजिक सुरक्षा सहित सबै सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक सूचनाको आधार बनाइनेछ। प्रत्येक नेपालीको बैंक खाता हुने सुनिश्चित गर्न खोलौं बैंक खाता अभियानलाई तीब्रता दिइनेछ। सबै आर्थिक कारोबार बैंकिङ प्रणाली मार्फत गरिनेछ। |
| १९६ | मुलुकमा हिंसाले स्थान पाउनेछैन । नागरिकको जीउधन र सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि जुनसुकै प्रकारको हिंसात्मक गतिविधिप्रति सरकार कठोर रुपमा प्रस्तुत हुनेछ । संविधान र कानुन विपरीतका कार्यमा संलग्न हुने, शान्ति सुरक्षामा खलल पुर्याउने र सामाजिक सद्भाव बिथोल्ने कुनै पनि प्रकारका आपराधिक क्रियाकलापमा संलग्न हुने जोकोहीलाई कानुनी कारबाहीको दायरामा ल्याइनेछ । तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणाली विकास गरिनेछ । अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको क्षमता वृद्धि गरिनेछ । |

| नीति बुँदा नं | नीति |
|---|---|
| १९७ | अनियमितता सरकारी सम्पत्तिको अनधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै आपराधिक कार्यमा संलग्न कुनै पनि व्यक्ति दण्ड सजायबाट उम्किन नपाउने गरी निगरानी, अनुसन्धान र छानबिन कार्यलाई सशक्त बनाइनेछ । |
| १९८ | प्रशासनिक तथा सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालन गरी शान्ति सुरक्षा कायम गर्न र अपराध नियन्त्रण गर्न सरकार दृढ छ।सबै सुरक्षा निकायहरूलाई सबल, सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ । राष्ट्रिय अनुसन्धान विभागलाई व्यावसायिक इन्टेलिजेन्स संस्थाको रुपमा विकास गरिनेछ। |
| १९९ | विपद्को पूर्वतयारी, खोज, उद्दार, राहत र पुनर्स्थापनामा सबै संयन्त्रहरू परिचालन गरिनेछ। विगत लामो समय देखि पनर्स्थापित हुन नसकेका विपद् प्रभावितलाइ पुनर्स्थापना गर्ने कार्यलाई तीब्रता दिइनेछ।हिमपात शीतलहर बाढीपहिरो डुबान तथा आगलागी लगायतका विपद्को अवस्थामा न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ। |

| नीति बुँदा नं | नीति |
|---|---|
| २०१ | लागु औषधविरुद्ध रोकथाम र नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरी स्वस्थ, सभ्य र सुरक्षित समाज निर्माण गरिनेछ। लागु औषध उत्पादन, ओसारपसार, बेचबिखन, दुवर्यसन र बालबालिकालाई कुलतमा फसाउन दुरुत्साहन गर्नेउपर कडा कारबाही गरिनेछ। |
| २०२ | कारागारहरूको सुरक्षा व्यवस्थालाई सुदृढ गर्न प्रविधिमैत्री उपायहरूको अवलम्बन गरिनेछ, विद्यमान भौतिक पूर्वाधारहरूको निर्माण र सुधार गरिनेछ। कैदी बन्दीहरूको श्रम र सीपलाई उत्पादनशील र विकास कार्यहरूमा उपयोग गराउने व्यवस्था गरिनेछ। |

# गृह मन्त्रालयसँग सम्बन्धित वार्षिक बजेट २०७६/०७७ मा उल्लिखित नीति तथा कार्यक्रम

| बजेट बुँदा नं | नीति तथा कार्यक्रम |
|---|---|
| २६४ | देशको शान्ति सुरक्षालाई सुदृढ तुल्याउदै नागरिकको जीउधन र सार्वजनिक सम्पत्तीको सुरक्षामा विशेष ध्यान दिइनेछ।नागरिकलाई भयरहित वातावरणमा पेशा व्यवसाय गर्न सक्ने गरी सुरक्षाको अनुभूति गराइनेछ। तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणाली विकाश गरिनेछ। अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको क्षमता वृद्धि गरिनेछ। |
| २६५ | सबै सुरक्षा निकायहरुलाइ सबल, सक्षम, र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ। राष्ट्रिय अनुसन्धान विभागलाई व्यवसायिक इन्टेलिजेन्स संस्थाको रुपमा विकास गरिनेछ। सीमा सुरक्षा एवम् सीमा पार अपराध र तस्करी नियन्त्रणका लागि सुरक्षा इकाईहरुको भौतिक र प्राविधिक क्षमता विस्तार गरिनेछ। |
| २६६ | मुलुकका विभिन्न जिल्लमा अवस्थित कारागारहरुमा क्षमता भन्दा बढी कैदीहरु भएको अवस्थालाई ध्यानमा राखी कारागारहरुको विध्यमान भौतिक पुर्वाधारको निर्माण र सुधारमा उल्लेख्य रकम वृद्धि गरिनेछ। कैदी बन्दीहरुको श्रम र सीपलाई उत्पादन कार्यमा उपयोग गराउने व्यवस्था गरिनेछ। |

# गृह मन्त्रालयसँग सम्बन्धित वार्षिक बजेट २०७६/०७७ मा उल्लिखित नीति तथा कार्यक्रम

| बजेट बुँदा नं | नीति तथा कार्यक्रम |
|---|---|
| २६७ | विकास प्रक्रियामा विपद् जोखिम संवेदनशीलतालाई मूलप्रवाहीकरण गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता अभिवृद्धि गर्न स्थानीयकरण तथा क्षमता अभिवृद्धि, सार्वजनिक तथा निजी लगानी र साझेदारी तथा सहकार्य वृद्धि गरिनेछ। |
| २६८ | सबै नेपालीको बायोमेट्रिक पहिचान र पृथक नम्बर सहितको राष्ट्रिय परिचयपत्र वितरणको कार्य शुरु गरी दुई वर्षभित्र एक नेपालीले एकभन्दा बढी परिचयपत्र बोक्नु नपर्ने व्यवस्था गरिन्छ। |
| २६९ | सुरक्षा निकायहरु रहेको स्थान लगायत अन्य संभावित स्थानमा विपदको पूर्वानुमान तथा पूर्व सूचना प्रणाली जडान गरी सञ्चालनमा ल्याइनेछ। विपद्को पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा सबै संयन्त्रहरु तयारी अवस्थामा राखी परिचालन गरिनेछ। |
| २७० | सवै प्रदेशमा आपतकालीन सामाग्री भण्डार केन्द्र स्थापना गरिनेछ। विपद जोखिमको विविधिकरण गरी सूचना प्रविधिको उपयोग मार्फत पूर्व सतर्कता अपनाउने र प्रभावितहरुलाई सामाजिक संरक्षण र बीमामा आवद्ध गर्ने व्यवस्था गरिनेछ। |

# क्रियाकलाप र माइलस्टोन्स

| क्र स | क्रियाकलापका क्षेत्र | क्रियाकलाप संख्या | माइलस्टोन |
|---|---|---|---|
| १ | शान्ति, सुरक्षा र अपराध नियन्त्रण | २१ | ७६ |
| २ | विपद जोखिम न्यूनिकरण | ७ | २४ |
| ३ | राष्ट्रिय परिचय पत्र व्यवस्थापन | ७ | २४ |
| ४ | सामाजिक सुरक्षा र घटनादर्ता व्यवस्थापन | ४ | १४ |
| ५ | कारागार सुधार | ७ | २३ |
| ६ | अध्यागमन सुदृढीकरण | ५ | २१ |
| ७ | लागू औषध नियन्त्रण | ५ | २१ |
| ८ | सेवा प्रवाह र सुशासन | ११ | ३९ |
| ९ | जनशक्ति क्षमता विकास | ९ | ३२ |
| १० | भौतिक पूर्वाधार विकास | ११ | ४३ |
| **जम्मा** | | ८७ | ३१७ |

# शान्ति सुरक्षा र अपराध नियन्त्रण

- सिंहदरवार सुरक्षाको लागि अत्याधुनिक उपकरण जडान गर्ने (CCTV, E-gate, Vehicle scanner, metal detector) ।
- अपराध अनुसन्धानको प्रमाण संकलनलाई थप प्रभावकारी बनाउन Sim Locator System जडान गर्ने ।
- सूचना प्रविधि सम्बन्धी सबै सफ्टवेयरमा रहेको तथ्यांकलाइ Private Cloud Infrastructure (PCI) मा व्यवस्थापन गर्ने ।
- अपराधको जोखिममा रहेका नागरिक र प्रहरीबीच सूचना प्रवाहका लागि Public Innovatation Security APP APP (PISA) निर्माण गर्ने
- प्रहरी प्रधान कार्यालयमा १ वटा Cyber Digital Lab स्थापना गर्ने ।

# शान्ति सुरक्षा र अपराध नियन्त्रण

- विभिन्न ७६ इकाईहरुमा Automated Fingerprint Identification System (AFIS) को बिस्तार गरी अपराधिक सूचना अभिलेख एकीकृत गर्ने ।
- सीमा सुरक्षा एवं सीमा अपराध र तस्करी नियन्त्रणलाई प्रभावकारी बनाउन थप BOP हरु स्थापना गर्ने ।
- सवारी साधन (जीप २, वानटन २, राईटकन्ट्रोल १ र एम्बुलेन्स ४ गरी कुल ९ थान) खरिद गर्ने ।
- विभिन्न १४६ वटा संचार साधनहरु खरिद गर्ने ।
- हातहतियार सरसफाईका लागि ८ वटा सामानहरु खरिद गर्ने ।

# शान्ति सुरक्षा र अपराध नियन्त्रण

- Quick Response Team को क्षमता अभिबृद्धि गरि परिचालन गर्ने ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका सौचालय नभएका प्रहरी ईकाईहरुमा सौचालय निर्माण गर्ने ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका भवन नभएका प्रहरी ईकाईहरुको भवन र महिलामैत्री व्यारेक भवन निर्माण गर्ने ।
- शान्ति सुरक्षाको निरन्तर र बैज्ञानिक निगरानीको लागि CCTV प्रविधि जडान विस्तार गर्ने ।
- भीड नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण खरिद गर्ने ।
- गृह प्रशासन सँग सम्बन्धित विभिन्न ७ वटा कानुन तर्जुमा गर्ने ।

# विपद जोखिम न्यूनीकरण

- गृह मन्त्रालय अन्तरगत आपतकालिन कार्यसंचालन केन्द्रलाई ४ वटा संचार सेट खरिद गर्ने।
- नेपाल प्रहरीमा Fire Fighting Equipment खरिद गर्ने।
- नेपाल प्रहरीमा (६ समूहमा १८० जनालाई) र सशस्त्र प्रहरी बलमा (१८ वटा) बिपद व्यवस्थापनसंग सम्बन्धित तालिम संचालन गर्ने।
- सशस्त्र प्रहरी बलमा विपद् ब्यवस्थापनका ११८ वटा सामाग्रीहरु खरिद गर्ने।
- ट्रमा सेन्टर संचालन गर्नको लागि स. प्र. बलमा १३ वटा उपकरण खरिद गर्ने।
- Disaster Information Management System (DIMS) लाई प्रदेशस्तरमा मूलप्रवाहीकरण गर्ने।

# राष्ट्रिय परिचयपत्र व्यवस्थापन

- राष्ट्रिय परिचयपत्रको enrollment सम्बन्धी उपकरण खरिद गर्ने (डेक्सटप, कम्प्युटर, क्यामेरा, स्क्यानर, प्रिन्टर, Power Distribution Unit (PDU), Storage System)।
- नेटवर्किङ, डाटा सिन्क, मर्मत switch र Firewall/Router खरिद गर्ने।
- लाईसेन्स खरीद गरी Call Center को स्थापना र सञ्चालन  गर्ने।
- राष्ट्रिय परिचयपत्रको लागि अनलाईन आवेदन प्रणाली निर्माण गर्ने।
- राष्ट्रिय परिचय प्रणालीलाई अन्य निकायसँग Integration गर्न आवश्यक API र  Connectivity तथा E service सम्वन्धी प्रणाली निर्माण गर्ने।
- स्मार्ट कार्ड खरीद गर्ने

# सामाजिक सुरक्षा तथा घटना दर्ता व्यवस्थापन

- घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको लागि सर्भर सिस्टम खरिद गर्ने।
- सेवा ईकाइ स्थापना गर्ने।
- घटना दर्ता अभियान सिविर सञ्चालन गर्ने।
- स्थानीय तहमा रहेका घटना दर्ता किताबहरु डिजिटाईजेशन र सूचना फारामहरु स्क्यान गर्ने।

# कारागार व्यवस्था सुधार

- बाँके- गनापुर, नौवस्ता र नुवाकोटको कारागार भवनको निर्माण कार्यमा निरन्तरता दिने ।
- विभिन्न १०  वटा नयाँ कारागार भवन निमार्ण गर्ने ।
- विभिन्न १० वटा कारागार कार्यालयहरुमा walk through gate निर्माण गर्ने।
- कारागार महोत्तरी, सुनसरी, संखुवासभा, तुलसीपुर, रामेछाप, इलाम र मोरङ कारागार र अदालतबीच Video Conferencing गर्ने।
- सबै ७४ कारागारमा Metal Detector, E-attendance को सुविधा राख्ने।
- सबै ७४ वटा कारागारमा  सीपमूलक तालिम सञ्चालन गर्ने।

# अध्यागमन सुदृढीकरण

- वर्तमान अध्यागमन सूचना प्रणालीलाई प्रतिस्थापन गरि बायोमेट्रिक पहिचान सहितको नेपालीपोर्ट नामको सफ्टवेयर विकास गर्ने।
- अध्यागमन सुधार कार्ययोजना २०७५ अन्तर्गत अध्यागमन कार्यालय त्रि.अ.बि.मा अत्याधुनिक डेस्क र Forgery Detection Unit (FDU) स्थापना गर्ने।
- अध्यागमन सुरक्षा सम्बन्धी विभिन्न उपकरणहरू खरिद गर्ने (Visa security printer, Fake Passport Detector, Thermal Printer- PRM, KIOSK Machine)

# लागू औषध नियन्त्रण

- लागू औषध सम्बन्धी सर्वेक्षण, २०७६ सम्पन्न गर्ने।
- लागू औषध नियन्त्रणका लागि उपचार तथा पुनर्स्थापना केन्द्रका सञ्चालकहरुलाई तालिम प्रदान गर्ने।
- औषधी तथा रसायन आयात ईजाजतका लागि सफ्टवेयर निर्माण गर्ने।
- गैर सरकारी संस्थाबाट सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रहरुमध्ये उत्कृष्ट केन्द्र छनौटको लागि मापदण्ड तर्जुमा गर्ने।
- लागू औषध प्रयोगकर्ताहरुका लागि बैकल्पिक विकासको अवधारणा विकास गर्न लागू औषध रोकथाम नीति, एवं निर्देशिका तर्जुमा गर्ने।

# सेवा प्रवाह र सुशासन

- राहत सूचना व्यवस्थापन प्रणालीलाई स्तरोन्नती गर्ने।
- द्वन्द्व पीडित सम्बन्धी डकुमेन्ट डिजिटाइजेशन गर्ने कार्य
- सूचना प्रविधि सम्बन्धी उपकरण खरिद गर्ने **(Hard disk, RAM, Server related equipment and Devices, KVM switch, High MoHA Firewall, MoHA LAN Restructuring, High End Server) ।**
- सूचना प्रविधि सम्बन्धी सफ्टवेयर निर्माण गर्ने **(Attendance Software, SMS Based System, MoHA email upgradation, MoHA Website Upgradation Accounting Software, CIMS Upgradation )**
- श्रब्य दृश्य सम्बन्धी भिडियोका लागि आवश्यक सामानहरु खरिद गर्ने ।

# सेवा प्रवाह र सुशासन

- सवारी दुर्घटना न्युनिकरण र सडक सभ्यता अभिबृद्धिका लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने।
- मन्त्रालय तथा मातहात विभाग / कार्यालयको स्वामित्वमा रहेका जग्गा तथा भवनहरुको अभिलेख राख्ने।
- मानव अधिकार प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने।
- सुशोभन तथा राष्ट्रिय समारोह संचालन गर्ने।
- नागरिकता लगायत महत्वपूर्ण दस्तावेजहरुको विद्युतीय अभिलेख राख्ने।
- गृह मन्त्रालयको खरिद योजना अनुसार मालसमान आपूर्ति गर्ने।

# जनशक्ति क्षमता विकास

- एक प्रहरी एक म्याट्रेस सहितको खाट लगायतका स्केलका सामानहरु खरिद गरी वितरण गर्ने।
- भुकम्पबाट क्षतिग्रस्त भौतिक  पुर्वाधारहरु मध्ये क्रमागत रुपमा रहेका ३0 वटा संरचनाको निर्माण कार्य सम्पन्न गरी प्रहरी कर्मचारीहरुलाई पालबाट ब्यारेकमा सार्ने ।
- विभिन्न २२ वटा प्रहरी इकाईहरुमा शारीरिक तन्दुरुस्ती कायम राख्न आवश्यक जिमका सामान खरिद गर्ने ।
- विभिन्न ४६ किसिमका पोशाक खरिद गर्ने।
- सक्षम जनशक्ति उत्पादन गर्न १९२ वटा पेशागत आधारभुत तथा उन्नत तालिम संचालन गर्ने।

# जनशक्ति क्षमता विकास

- प्रहरी सेवामा रहेका जनशक्तिको कार्य सम्पादन एवं उत्प्रेरणा सम्बन्धी अनुसन्धान गरी भावी योजना तय गर्ने।
- त्रिबर्षीय अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यन्वयनको लागि अपराध अनुसन्धान सम्बन्धी 9 वटा शीप विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने।
- स्वीकृत बार्षिक तालिम क्यालेन्डर अनुसार १३६६ टोलीको तालिम संचालन गरी ५२३२३ प्रहरी कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने।
- कर्मचारी क्षमता अभिबृद्धि तालिम सञ्चालन गर्ने (आर्थिक प्रशासन अनुशिक्षण, प्र.जि.अ./स.प्र.जि.अ.हरुको न्यायिक क्षमता अभिबृद्धि, सवारी चालक तालिम, सूचना प्रविधि अभिमुखीकरण, Cyber Security, Oracle Database)

# भौतिक पूर्वाधार निर्माण

- गृह मन्त्रालयमा चमेनागृह निर्माण गर्ने
- मन्त्रालयमा महिला र पुरुष शौचालय निर्माण/ मर्मत सम्भार गर्ने
- सशस्त्र प्रहरी अस्पतालको लागि एक वटा MRI मेशिन खरिद गर्ने।
- १५३ वटा कम्प्युटर तथा सोसँग सम्बन्धित सामानहरु खरिद गर्ने
- नेपाल प्रहरीको ४२ वटा भवन निर्माण कार्य शुरु गर्ने
- प्रहरीलाई पालबाट ब्यारेकमा Shift गर्नका लागि नयाँ ३१ वटा नयाँ महिला मैत्री ब्यारेक भवन निर्माण गर्ने।

# भौतिक पूर्वाधार विकास

- नेपाल प्रहरीको नियमित बजेटबाट क्रमागतरुपमा रहेका 68 वटा संरचनाको निर्माण कार्य  सम्पन्न गरी प्रहरी कर्मचारीहरुलाई पालबाट ब्यारेकमा Shift गर्ने।
- नेपाल प्रहरीमा शौचालय तथा स्नान गृह नभएका ४०० वटा प्रहरी इकाइहरुमा शौचालय निर्माण गर्ने।
- प्रहरी जवान ब्यारेकमा सुद्ध पिउने पानीका लागि Deep Boring, Water Treatment र Water Purification, मेसका भाडाकुडा खरिद गरी प्रयोगमा ल्याउने।
- काठमाण्डौ  उपत्यकामा महानगरीय सशस्त्र प्रहरी गण नं. २ महाराजगंजमा बहुउद्धेस्यीय हल (Multi Purpose Hall) निर्माण गर्ने

# राष्ट्रिय /अन्तरराष्ट्रिय लक्ष्यसँगको आबद्धता

| क्र स. | विषय क्षेत्र | दिगो विकास लक्ष्य | दीर्घकालीन सोच | पन्ध्रौ योजनाको उद्देश्य | नेपाल सरकारको वार्षिक नीति | मुख्य नतिजा सूचक (तोकीएको कार्य सम्पन्न भएपछि हासिल हुने) |
|---|---|---|---|---|---|---|
| १ | शान्ति सुरक्षा र अपराध नियन्त्रण<br>२० वटा क्रियाकलाप | लक्ष्य ५.२ (महिला तथा बालबालिक हिंसा र वेचविखन)<br>लक्ष्य १६.१,२,३,४ (शान्तिपूर्ण र समावेशी समाज निर्माण) | सुखको राष्ट्रिय लक्ष्य २.६ २.२ र २.४ | क्षेत्रगत उद्देश्य नं २ | नीति बुँदा नं १९६<br>बजेट नीति २६४ | •अपराध अनुसन्धानको सफलता दर ९० प्रतिशत भन्दा बढी हुने<br>•शान्ति सुरक्षा प्रतिको जनसन्तुष्टि वृद्धि हुने<br>•समृद्धिका सूचकहरुमा योगदान पुग्ने<br>• सुरक्षाको कारणबाट कुनै पनि विकास आयोजना प्रभावित नहुने<br>• सुरक्षा सम्बन्धी ७ वटा कानून तर्जुमा हुने |
| २ | विपद जोखिम न्यूनिकरण<br>७ वटा क्रियाकलाप | लक्ष्य ११.५ र सेण्डाइ कार्यढाँचा अन्तरगतका प्राथिमिकता एवं लक्ष्यहरु | सुखको राष्ट्रिय लक्ष्य २.२, २.३ | क्षेत्रगत उद्देश्य १,२,३, ४ | नीति बुँदा नं १९९<br>बजेट नीति २७० | • विपद् प्रभावित परिवार सख्या प्रतिहजार १७ वाट १४ मा झार्ने<br>• प्रतिलाख मृत्यु १.६ बाट १.४५ मा झार्ने |

# राष्ट्रिय /अन्तरराष्ट्रिय लक्ष्यसँगको आवद्धता

| क्र स. | विषय क्षेत्र | दिगो विकास लक्ष्य | दीर्घकालीन सोच र | पन्ध्रौ योजनाको उद्देश्य | नेपाल सरकारको वार्षिक नीति | मुख्य नतिजा सूचक (तोकीएको कार्य सम्पन्न भएपछि हासिल हुने) |
|---|---|---|---|---|---|---|
| ३ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन<br>६ वटा क्रियाकलाप | सहयोगी लक्ष्य | सुखको राष्ट्रिय लक्ष्य २.६ र २.४ | क्षेत्रगत उद्देश्य नं ६ | नीति बुँदा नं ९४<br>बजेट नीति २६८ | • सवै जिल्लाबाट नागरिकको विवरण संकलन शुरु हुने<br>•कम्तिमा ३ वटा सेवासँग आवद्ध हुने |
| ४ | अध्यागमन सुदृढिकरण<br>३ वटा क्रियाकलाप | लक्ष्य १६ सँग सम्बन्धित सहयोगि लक्ष्य | सुखको राष्ट्रिय लक्ष्य २.६ | क्षेत्रगत उद्देश्य ५ | नीति बुँदा नं १९९ | • कम्तिमा २ वटा नाकामा जैविक सूचना सहितको अध्यागमन प्रणाली कार्यान्वयनमा आउने |

# राष्ट्रिय /अन्तरराष्ट्रिय लक्ष्यसँगको आवद्धता

| क्र स. | विषय क्षेत्र | दिगो विकास लक्ष्य | दीर्घकालीन सोच र | पन्ध्रौ योजनाको उद्देश्य | नेपाल सरकारको वार्षिक नीति | मुख्य नतिजा सूचक (तोकीएको कार्य सम्पन्न भएपछि हासिल हुने) |
|---|---|---|---|---|---|---|
| ५ | सामाजिक सुरक्षा तथा घटना दर्ता व्यवस्थापन<br>४ वटा क्रियाकलाप | सहयोगी लक्ष्य | सुखको राष्ट्रिय लक्ष्य २.१, २.२ र २.५ | क्षेत्रगत उद्देश्य नं ६ | नीति बुँदा नं ९० र ९४<br>बजेट नीति ७२ | • अनलाइन पञ्जिकरण हुने वडाहरुको संख्या हालको २३०० बाट ४००० पुऱ्याउने<br>• सवै स्थानीय तहमा बैकिंग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने |
| ६ | जनशक्ति क्षमता विकास<br>९ वटा क्रियाकलाप | लक्ष्य १६ सँग सम्बन्धित सहयोगि लक्ष्य | सुखको राष्ट्रिय लक्ष्य २.६ | क्षेत्रगत उद्देश्य ४ | नीति बुँदा नं २०६<br>बजेट नीति २७५, २७६ | • निजामती कर्मचारी र सुरक्षाकर्मीहरुको मनोबल उच्च हुने<br>• कार्यसम्पादन स्तर अभिवृद्धि हुने |

# राष्ट्रिय /अन्तरराष्ट्रिय लक्ष्यसँगको आवद्धता

| क्र स. | विषय क्षेत्र | दिगो विकास लक्ष्य | दीर्घकालीन सोच र | पन्ध्रौ योजनाको उद्देश्य | नेपाल सरकारको वार्षिक नीति | मुख्य नतिजा सूचक (तोकीएको कार्य सम्पन्न भएपछि हासिल हुने) |
|---|---|---|---|---|---|---|
| ७ | भौतिक पूर्वाधार निर्माण<br>१० वटा क्रियाकलाप | सहयोगी लक्ष्य | समृद्धि र सुखको राष्ट्रिय लक्ष्य १.१, र २.१ | क्षेत्रगत उद्देश्य नं ४ र ७ | नीति बुँदा नं १९८<br>बजेट नीति २६५ | • ६८ वटा क्रमागत र ७३ वटा नयाँ भवन संरचना निर्माण हुने<br>• कार्यवातारण सुधार हुने<br>• सबै सुरक्षाकर्मीले मानवोचित भौतिक सेवा र सुविधा प्राप्त गर्ने |
| ८ | लागू औषध नियन्त्रण<br>५ वटा क्रियाकलाप | लक्ष्य ३.५.२<br>लक्ष्य १६ सँग सम्बन्धित | सुखको राष्ट्रिय लक्ष्य २.२ र २.३ | क्षेत्रगत उद्देश्य ४ | नीति बुँदा नं २०१ | • दुर्व्यसनको दर १ % ले घटाउने<br>• लागू औषध सर्भेक्षण सम्पन्न भएको हुने<br>• लागू औषध सम्बन्धित अपराधको न्यूनिकरण भएको हुने |

# राष्ट्रिय /अन्तरराष्ट्रिय लक्ष्यसँगको आवद्धता

| क्र स. | विषय क्षेत्र | दिगो विकास लक्ष्य | दीर्घकालीन सोच र | पन्ध्रौ योजनाको उद्देश्य | नेपाल सरकारको वार्षिक नीति | मुख्य नतिजा सूचक (तोकीएको कार्य सम्पन्न भएपछि हासिल हुने) |
|---|---|---|---|---|---|---|
| ९ | कारागार सुधार<br>७ वटा क्रियाकलाप | लक्ष्य १६ सँग सम्बन्धित सहयोगी लक्ष्य | समृद्धि र सुखको राष्ट्रिय लक्ष्य २.१ | क्षेत्रगत उद्देश्य नं २ | नीति बुँदा नं २०२<br>बजेट नीति २६६ | • कैदी बन्दीलाई मानवोचित भौतिक पूर्वाधार उपलब्ध हुने<br>• १५०० क्षमताको संरचना निर्माण हुने<br>• कारागार सुरक्षामा विद्युतीय निगारनी बढने<br>•सवै कारगारमा सीपमूलक तालिम संचालन भई उत्पादनशील क्षेत्रमा उपयोग हुने |
| १० | सूचना प्रविधिको विकास र सेवाप्रवाह<br>५ वटा क्रियाकलाप | लक्ष्य १६ सँग सम्बन्धित | सुखको राष्ट्रिय लक्ष्य २.२ र २.३ | क्षेत्रगत उद्देश्य १, ४, ७ | नीति बुँदा नं ९५<br>बजेट नीति २५३ | • नागरिकता सम्बन्धी सूचना प्रणाली अद्यावधिक हुने<br>• सेवा प्रवाह र कार्यालय व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिमा आधारित हुने |

# MILESTONES DETAIL

# कार्यान्वयन सुनिश्चतताका आधारहरु

- कानूनी र संरचनागत सुदृढिकरण
- गत आ व मा हासिल उपलब्धी
- विगतका कमजोरी र सफलताको पाठ र अनुभव
- कार्यसम्पादन संस्कृतिको विकास
- विभिन्न तहमा भएको कार्यसम्पादन सम्झौता
- सवै क्रियाकलापमा बजेट विनियोजन
- दीर्घकालीन र अल्पकालीन दिशानिर्देश
- लक्ष्यमा स्पष्टता
- नियमित अनुगमन संयन्त्रको व्यवस्था

# धन्यवाद